# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, माघ २१ गते २०३३ साल [अतिरिक्ताङ्क ४१

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको अध्यादेश नं. २

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना** : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ मा तत्काल संशोधन गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) (दोस्रो संशोधन) अध्यादेश, २०३३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा २२ मा संशोधन** : स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छ:–

"२२. **मतपत्र बदर हुने अवस्था**: देहायका अवस्थामा मतपत्रहरू बदर हुनेछन् :–

(१) प्रत्येक उम्मेदवारको लागि भिन्दा भिन्दै मतपेटिका प्रयोग गरिने निर्वाचनमा:–

(क) मतदान अधिकृतको सही वा छाप नभएको,

(ख) मतदान अधिकृतले सम्बन्धित पञ्चायतका लागि प्रयोग गरेको सङ्केत नभएको,

(ग) मतपेटिका बाहिर रहेको,

(घ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(ङ) सम्बन्धित मतपेटिकामा नखसेको, र

(च) जाली मतपत्र ।

(२) सबै उम्मेदवारको लागि एउटै मतपेटिका प्रयोग गरिने निर्वाचनमा:–

(क) मतदान अधिकृतको सही वा छाप नभएको,

(ख) निर्वाचन हुने पदको संख्या भन्दा बढी संख्यामा मत सङ्केत गरेको,

(ग) तोकिएको मत सङ्केत बाहेक अन्य कुनै कुरा लेखिएको वा सङ्केत गरेको,

(घ) मत सङ्केत नबुझिने गरी च्यातिएको वा फोहर गरिएको,

(ङ) कुनैमा पनि मत सङ्केत नगरेको,

(च) मतपेटिका बाहिर रहेको,

(छ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) मत सङ्केत गर्ने कोठा बाहिर मत सङ्केत गरेको,

(झ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी मत सङ्केत गरेको, र

(ञ) जाली मतपत्र ।"

३. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः–

"२७. मतपेटिका तथा निर्वाचन रङ्ग वा चिह्नको व्यवस्थाः (१) निर्वाचन आयोगले कुनै निर्वाचनमा सबै उम्मेदवारको लागि एउटै मतपेटिका राख्ने वा प्रत्येक उम्मेदवारको लागि भिन्दा भिन्दै मतपेटिका राख्ने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) प्रत्येक उम्मेदवारको निमित्त भिन्दा भिन्दै मतपेटिका राख्ने व्यवस्था भएमा निर्वाचन आयोगले उम्मेदवारहरू छुट्याउन मतपेटिकामा निर्वाचन रङ्ग वा चिह्न प्रयोग गर्ने गरी आदेश जारी गर्न सक्नेछ ।

(३) एउटै मतपेटिका राख्ने वा भिन्दा भिन्दै मतपेटिका राख्ने व्यवस्था भएमा निर्वाचन अधिकृतले उम्मेदवारहरूलाई निर्वाचनसम्बन्धी कार्यक्रममा उल्लिखित दिनमा निर्वाचन रङ्ग वा चिह्न रोज्न लगाउनेछ ।

(४) उप-दफा (३) बमोजिम निर्वाचन रङ्ग वा चिह्न रोज्न लगाउँदा एकभन्दा बढी उम्मेदवारले एउटै निर्वाचन रङ्ग वा चिह्न रोजेमा वा कुनै उम्मेदवारले कुनै पनि निर्वाचन रङ्ग वा चिह्न नरोजेमा निर्वाचन अधिकृतले कुनै उपयुक्त निर्वाचन रङ्ग वा चिह्न कायम गर्न सक्नेछ। निर्वाचन अधिकृतले आवश्यक देखेमा उम्मेदवारले रोज्न चाहेको कुनै खास रङ्ग वा चिह्न रोज्न नदिन पनि सक्नेछ ।"

लालमोहर सदर मितिः– २०३३।१०।२१।५

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

९६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

श्री ५ को सरकारको छापाखाना सिंहदरबार ...

मुद्रण विभाग, सिंहदरबार

१८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।